आज मिति २०८२ साल बैशाख ०९ गते मंगलबारका दिन भानु नगरपालिका, नगर कार्यपालिकाको आ.व.२०८१/०८२ को एघारौं बैठक नगर प्रमुख श्री आनन्द राज त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितिः

१. श्री आनन्द राज त्रिपाठी (नगर प्रमुख)

२. श्री उमा गोतामे (उप प्रमुख)

३. श्री गौतम भण्डारी - प्रमुख प्रशासकीय अधिकृत (सचिव)

४. श्री कान्छीमाया तामाङ (वडाध्यक्ष १ नं.वडा)

५. श्री केशवराज त्रिपाठी (वडाध्यक्ष २ नं.वडा)

६. श्री तुल कुमारी गुरुङ्ग (वडाध्यक्ष ३ नं.वडा)

७. श्री अर्जुन बहादुर बोहोरा (वडाध्यक्ष ४ नं.वडा)

८. श्री नहकुल अधिकारी (वडाध्यक्ष ५ नं.वडा)

९. श्री धिरेश खनाल (वडाध्यक्ष ६ नं.वडा)

१०. श्री खुम प्रसाद श्रेष्ठ (वडाध्यक्ष ७ नं.वडा)

११. श्री ईश्वर बहादुर घिमिरे (वडाध्यक्ष ८ नं.वडा)

१२. श्री मिन बहादुर गुरुङ्ग (वडाध्यक्ष ९ नं.वडा)

१३. श्री हरिहर उप्रेती (वडाध्यक्ष १० नं.वडा)

१४. श्री विमलराज जोशी (वडाध्यक्ष ११ नं.वडा)

१५. श्री बेल बहादुर अधिकारी (वडाध्यक्ष १२ नं.वडा)

१६. श्री कृष्ण बहादुर अधिकारी (वडाध्यक्ष १३ नं.वडा)

१७. श्री विन्दा रानाभाट (का.पा. सदस्य)

१८. श्री धन बहादुर वि.क. (का.पा. सदस्य)

१९. श्री प्रविना थापा मगर (का.पा. सदस्य)

२०. श्री रविन भुजेल (का.पा. सदस्य)

२१. श्री राजु सुर्खाली (का.पा. सदस्य)

२२. श्री सावित्री सुनार (का.पा. सदस्य)

२३. श्री सकिना खातुन (का.पा. सदस्य)

२४. श्री शान्ता कुमारी मिजार लम्साल (का.पा. सदस्य)

अन्य उपस्थितिः

२५. श्री सुनिल पाण्डे (वरिष्ठ प्रशासकीय अधिकृत)

२६. श्री मधुविलास बढु (सहायक कम्प्युटर अपरेटर)

२७. श्री अमित लामा (३ नं. वडा सदस्य)

<u>भानु नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०१/०९ गते बसेको</u>
<u>आ.व.२०८१/०८२ को एघारौं बैठकका निर्णयहरु:</u>

<u>निर्णय नं.१</u> भानु नगरकार्यपालिकाको मिति २०८१/१२/११ गते बसेको आ.व. २०८१/०८२ को दशौं कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ५ वटा निर्णयहरु भएकोमा निर्णय नं. ५ मात्र कार्यान्वयनको चरणमा रहेको अन्य निर्णयहरु कार्यान्वय भएको पाइयो ।

<u>निर्णय नं.२</u> आ.व.२०८१/०८२ को योजना/कार्यक्रमको हाल सम्मको प्रगतिका सम्बन्धमा वृहत छलफल गरी सम्पूर्ण योजना तथा कार्यक्रमहरु २०८१ वैशाख मसान्त सम्ममा सम्पन्न गर्ने गरी कार्य गर्नका लागि भौतिक पूर्वाधार शाखा एवं योजना शाखालाई निर्देशन दिने निर्णय गरियो ।

<u>निर्णय नं.३</u> भानु न.पा. का सम्पूर्ण वडाहरुलाई पूर्ण खोप युक्त घोषणा गर्ने र तत्पश्चात भानु नगरपालिकालाई पूर्ण खोप युक्त नगरपालिका प्रमाणिकरण गर्नका लागि जिल्ला समन्वय समितिको कार्यालय, दमौलीमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

<u>निर्णय नं.४</u> स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा २७ उपदफा (१), (२) र (३) मा भएको व्यवस्था अनुसार प्रक्रिया पुगेका र भानु नगरपालिकाको मिति २०८१/०९/०८ मा प्रकाशित तहवृद्धि गर्ने सम्बन्धी सूचना बमोजिम तोकिएको समय भित्र रितपूर्वकको दरखास्त फारम पेश गरेका साथै स्वास्थ्य सेवा ऐन २०५३ को दफा ९ अनुसार प्रक्रिया पुगेका र दफा ९ क बमोजिम स्थानीय सेवाको गठन सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ३१ बमोजिम तह वृद्धिका लागि सम्भाव्य उम्मेदवार हुन नपाउने (नकरात्मक सूची) सूचीमा नपरेका भानु नगरपालिकामा हाल कार्यरत तपसिल बमोजिमका कर्मचारीहरुलाई मिति २०८१/१०/०१ गतेदेखि लागु हुने गरी तह बृद्धि गर्ने निर्णय गरियो ।

तपशिल

| क्र. सं. | कर्मचारीको नामथर | संकेत नं. | सेवा, समुह/उपसमुह | हालको पद | हालको तह | कायम हुने तह | कायम हुने पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | शिवराज मिश्र | १८१३०५ | स्वास्थ्य सेवा/हे.इ. | जनस्वास्थ्य निरिक्षक | छैठौं | सातौं | जनस्वास्थ्य अधिकृत | |



गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

**निर्णय नं.५** आ.ब. २०८२/०८३ का लागि बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्न देहायको प्राथमिकिकरणको आधार, मापदण्ड तथा मार्गदर्शन निर्धारण गर्ने निर्णय गरियो।

(क) आर्थिक विकास र गरिवी निवारणमा प्रत्यक्ष योग्दान पुर्याउने।

(ख) उत्पादनमुलक र छिटो प्रतिफल दिने (ठुला योजनाहरुका हकमा बढिमा ३ वर्ष भित्र सम्पन्न हुने।)

(ग) राजश्व परिचालनमा योगदान पुर्याउने।

(घ) कम लगानीमा अधिकैतम प्रतिफल हासिल गर्ने।

(ङ) अधुरा, क्रमागत र निर्माणाधिन योजनाहरुलाई सम्पन्न गर्ने गरि प्राथमिकता दिने।

(च) दुई वा दुई भन्दा बढि वडाहरुमा प्रत्यक्ष प्रभाव पार्ने सडक एवं अन्य योजनाहरु।

(छ) धेरै भन्दा धेरै जनसंख्या लाभान्वित हुने।

(ज) स्थानीय स्रोतमा आधारित भई जनसहभागिता अभिबृद्धि गर्ने।

(झ) सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने।

(ञ) लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिबृद्धि हुने।

(ट) दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योग्दान पुर्याउने।

(ठ) समुदायलाई विपद् तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने।

(ड) स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने।

(ढ) प्राप्त बजेट सीमा भित्र रहेर वार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव गर्ने।

(ण) सामान्यतया रकामान्तर र कार्यक्रम संसोधन गर्न नपर्ने गरि प्रस्ताव गर्ने।

(त) सिमित स्रोतको उपलब्धिमुलक उपयोग गर्न स-साना आयोजनामा स्रोत छर्ने प्रवृति निरुत्साहित हुने गरि छनोट गर्ने।

(थ) सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने मापदण्ड अनुकुल हुने गरि प्रस्ताव गर्ने।

**निर्णय नं. ६**

(क) गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको चालु आ.व. ०८१/०८२ को नवप्रवर्तन साझेदारी कोष कार्यान्वयनका लागि नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका , २०७८ को अनुसूची-१ बमोजिमको ढाँचामा तयार गरिएको **कृषिमा रुपान्तरण, आर्थिक विकास र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग परियोजना** को अवधारणापत्र पेश गर्ने निर्णय गरियो। उक्त कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने लागत सहभागिता बापतको ३० प्रतिशत सम्मको रकम नगरपालिकाले व्यहोर्ने प्रतिवबद्धता समेतको अवधारणा पत्र पठाउने निर्णय गरियो ।



गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

(ख) निर्णय नं. ६ (क) उल्लेखित निर्णय बमोजिमको कार्यक्रम कार्यान्वयन एवं सहजीकरण गर्नका लागि आर्थिक विकास समितिका संयोजकको संयोजकत्वमा सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक सदस्य, प्रशासन शाखा प्रमुख सदस्य, सूचना प्रविधि अधिकृत सदस्य र कृषि विकास शाखा प्रमुख सदस्य रहने गरी ५ सदस्यीय कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

(ग) नवप्रवर्तन कार्यक्रम कार्यान्वयनका लागि प्रशासन शाखा प्रमुख वरिष्ठ प्रशासकीय अधिकृत श्री सुनिल पाण्डेलाई सम्पर्क व्यक्ति तोक्ने निर्णय गरियो

<u>निर्णय नं. ७</u> प्रदेश वित्त ऐन २०७५ बमोजिम विषेश र समपुरक अनुदान अन्तर्गत "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धि एकिकृत (दोस्रो संशोधन) कार्यविधि २०८१" को अनुसूची-३ बमोजिमको ढाँचामा आर्थिक वर्ष २०८२/०८३ को तपसिल बमोजिमका आयोजना तथा कार्यक्रम प्राथमिकताको आधारमा प्रस्ताव गरी गण्डकी प्रदेश नीति तथा योजना आयोग पोखरामा प्रस्ताव सहित पेश गर्ने निर्णय गरियो।

तपसिलः

| विशेष अनुदानका लागि छनौट गरिएका योजना आ.व.२०८२/०८३ का लागि | | | | |
|---|---|---|---|---|
| क्र.सं. | वडा | योजनाको नाम | बजेट | कैफियत |
| १. | १ | सतिघाट लिफ्ट खानेपानी योजना | ४० लाख | |
| २. | ४ | वौरे दलित वस्ती खानेपानी योजना | ४० लाख | |
| ३. | ५ | छतिवन खानेपानी योजना | ४० लाख | |
| समपूरक अनुदानका लागि छनौट गरिएका योजना आ.व.२०८२/०८३ का लागि | | | | |
| १. | १२ | गाउँ सेवा मार्ग | २ करोड | |
| २. | ६ | राष्ट्रिय विभुति अमरसिंह मार्ग | १ करोड | |
| ३. | ९ | रानीपानी, कालिका, डुम्रीखर्क मोटर मार्ग | १ करोड | |
| ४. | १० | रातमाटा राइपाली भञ्ज्याङ मोटर मार्ग | २ करोड | |

<u>निर्णय नं. ८</u> भानु नगरपालिका वडा नं. १ निवासी कृष्ण कुमार श्रेष्को नाममा रहेको साविक दोरदोर ५/घ कित्ता नं. ६०७ क्षेत्रफल १-९-३-० मध्येबाट ०-४-०-० र कमली कान्त भट्टराईको नाममा साविक दोरदोर ५/घ कित्ता नं. ६१६ क्षेत्रफल ३-१५-३-२ मध्येबाट ०-४-०-० जग्गा भानु नगरपालिका वडा नं. १ को वडा कार्यालय निर्माणका लागि निःशुल्क दिन कृष्ण कुमार श्रेष्ठ र कमली कान्त भट्टराई दुवै ईच्छुक भएको र नगरपालिका पनि वडा नं.१ को वडा कार्यालय निर्माणका लागि दुवै जनाको ०-४-०-०/०-४-०-० आना गरी ०-८-०-० आना जग्गा लिन/दिन मञ्जुर भएकोले उक्त जग्गा वडा नं. १ को वडा कार्यालयको नाममा जग्गा धनी दर्ता प्रमाण पूर्जा कायम गर्न मालपोत कार्यालयमा लेखी पठाउने निर्णय गरियो । साथै कार्य प्रक्रिया अगाडि बढाउदा



गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

२०८२/०९/०३
आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

अन्य निकायमा पनि पत्राचार गर्नुपर्ने अवस्था सृजना भएमा सो लेखी पठाउने समेत निर्णय गरियो ।त्यसैगरी जग्गादाताहरु सँग थप जग्गा समेत माग गर्न पहल गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ वडा नं २ फुस्रेटारमा संचालित खानेपानी आयोजनाद्धारा प्रयोग गरिएको विद्युत मिटर खर्च तथा बिल दस्तुर भुक्तानी एक पटकका लागि भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. १० भु-उपयोग (पहिलो संशोधन) नियमावली, २०८० (४घ) "भु-उपयोग क्षेत्र वर्गिकरण भइ प्रत्येक कित्ताको विवरण तयार गर्ने क्रममा जग्गा वर्गिकरण गर्न छुट कित्ता र वर्गिकरण गरिएको भू-उपयोग क्षेत्र भन्दा फरक क्षेत्रमा वर्गिकरण हुन गई त्रुटी हुन गएकोमा त्यस्तो त्रुटि संशोधनका लागि स्थानीय तहको सिफारिस सहित लेखी आएमा सोही बमोजिम संशोधन गरी कित्ताकाँट गर्नु पर्नेछ" भन्ने व्यवस्था भएको हुदाँ भु-उपयोग ऐन, २०७६, भू-उपयोग नियमावली २०७९ र भानु नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण सम्बन्धी मापदण्ड तथा आधारहरु २०७९ अनुसार साविकको अवस्थामा भानु नगरापलिका क्षेत्र भित्र वर्गिकंरण गरिएको भु-उपयोग कृषि क्षेत्रमा वर्गिकरण गरिएकोमा हाल देहाएका क्षेत्रहरुमा स्याटलाईट ग्राउण्ड स्टेसन र डाटा सेन्टर स्थापना गर्न तत्काल निर्माण पूर्वको पूर्वतयारी गर्न आवश्यक हुँदा तपसिलको विवरण बमोजिम जग्गाको वर्गीकरण औद्योगिक क्षेत्रमा कायम हुने गरी संशोधनको लागि सिफारिस सहित गण्डकी प्रदेश, पोखराको भु-उपयोग परिषदको सचिवालयमा लेखी पठाउने निर्णय गरियो। साथै भानु नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गिकरण कार्य सम्पन्न भएकोले सोको प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्ने निर्णय गरियो ।

तपसिलः

(साविक दोरदोर ५/क र ६/घ अन्तर्गतका कित्ताहरु)

| क्र.सं. | जग्गा धनीको नामथर | कित्ता नं. |
|---|---|---|
| १ | हिमला थापा | १०७ -५/क |
| २ | तुलसी कुमार थापा | १०४ |
| ३ | कालु थापा | ९७ |
| ४ | सरस्वती माया थापा | १०६ |
| ५ | दामोदर मिश्र | ५४,२९ |
| ६ | लेखमान थापं | ९८ |
| ७ | चिजामाया तामाङ्ग | ८८ |
| ८ | अर्जुन तामाङ | ८९ |
| ९ | अमृता गुरुङ्ग | ४१ |
| १० | मानकाजी श्रेष्ठ | १०९,१०८,१०२,१००,२६८,२६९ |
| ११ | मिठि माया बानिया | ३४ |
| १२ | राम बहादुर बानिया | ३९ |



०-९-८-०४

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

२०८२।०९।०३।
आनन्द राज त्रिपाठी
प्रमुख

| | | |
|---|---|---|
| १३ | उत्तम प्र. लोहनी/विष्णु राज लोहनी/स्व. नारायण प्रसाद लोहनी | ३३(संगोल) |
| १४ | विमला लोहनी | २८ |
| १५ | आशिष ढकाल | ५८ |
| १६ | शान्ति माझी | ३७३ |
| १७ | विष्णु प्र. प्रधान श्रेष्ठ | १८,१५ |
| १८ | दिननाथ सापकोटा | ४५,४६ |
| १९ | लक्ष्मी गैरे | ४० |
| २० | सरस्वती वस्नेत | ३७२ |
| २१ | वालकुमारी लोहनी | ३२ |
| २२ | स्व. हरि प्र. न्यौपाने/ऋषिराम न्यौपाने (छोरा) | ५९ |
| २३ | स्व. हरि बा. नेवार/ निरोज कु. श्रेष्ठ (छोरा) | ३१ |
| २४ | इश्वर बानीया क्षेत्री | ११०,१११,११२ |
| २५ | सुर्य बानीया | ११३ |
| २६ | सरस्वती बानीया | ११४ |
| २७ | मैया बानीया क्षेत्री | ११५ |
| २८ | आनन्द राज त्रिपाठी | ६५ |

निर्णय नं. ११ विविध विषयका सम्बन्धमा।

(क) नगर स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता योजना निर्माण प्रयोजनका लागि आवश्यक सर्भेक्षण तथा तथ्याङ्क संकलन गर्न कम्तिमा २ जना प्राविधिक जनशक्ति खटाउने गरि परामर्श सेवाबाट कार्य गर्ने निर्णय गरियो ।

(ख) भानु नगरपालिकामा नगरपालिका भित्र र बाहिरका विभिन्न क्षेत्रबाट आर्थिक सहायताको लागि परेका निवेदन उपर छलफल गर्दा तपसिल बमोजिमका व्यक्ति, संस्था, कार्यक्रमकलाई तपसिल बमोजिमको राहत उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | वडा नं. | नाम | बुबाको नाम | रकम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ३ | कल्लेरी कृषि तथा माछा फर्म | - | २५००० | अ.सा.सु.एंव आ.उ. | |
| २. | ९ | आरोज थापा | | १५००० | अ.सा.सु.एंव आ.उ. | |
| ३. | ९ | पुर्कोट कालिका बहुमुखी क्याम्पस | | ३०००० | अ.सा.सु.एंव आ.उ. | |
| ४. | ९ | रोजन थापा | | १५००० | अ.सा.सु.एंव आ.उ. | |
| ५. | १० | वाललहरी मन्दिर धार्मिक संरक्षण संस्था | | १५००० | अ.सा.सु.एंव आ.उ. | |



गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

(ग) भानु नगरपालिका क्षेत्र भित्र विभिन्न प्रकृतिका विपद्का कारण क्षति भएका व्यक्तिहरुबाट प्राप्त निवेदनहरु विपद् व्यवस्थापन समितिबाट छानविन गरी नगरकार्यपालिकामा सिफारिस गरिएका तपसिल बमोजिमका व्यक्ति/संस्थालाई निम्न बमोजिमको राहत रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिलः

भानु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फुस्रेटार, तनहुँ
गण्डकी प्रदेश, नेपाल

२०८२/०१/०५ सम्म विपत घटना घटि राहतका लागि परेका निवेदन, भएको क्षती र राहत रकमको विवरण

| क्र.सं. | ठेगाना (वडा नं) | निवेदकको नाम | विपद्को प्रकृति | विषय (छोटकरीमा) | अन्तिम निर्णय (सारांस) | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | जिन्सी | नगद | |
| १ | १ | विष्णु प्रसाद प्रधान श्रेष्ठ | वर्षा | भारि वर्षाले खेतको किनार पहिरो गई पुर्ण क्षेति पुगेको | | १५,००० | |
| २ | २ | सिता त्रिपाठी | वर्षा | भारि वर्षाले खेतको किनार पहिरो गई पुर्ण क्षेति पुगेको र रोकथामको लागि करिब ५० थान | | ३०,००० | |
| ३ | ३ | इन्द्र ध्वज कार्कि | वर्षा | भारि वर्षाले खेतमा पहिरो गई पुर्ण क्षेति पुगेको | | ३०,००० | |
| ४ | ३ | श्री जनजागृति मा.वि | वर्षा | २०८१/११/२९ को असिना पानिले टिन प्वाल पारेको | | ५,००० | |
| ५ | ५ | मिश्री माया सर्किनि | अन्य | कच्चि घर पुरानो भई उच्च जोखिममा | | १५,००० | |
| ६ | ७ | चमेली सर्किनि | आगोलागि | २०८१/१०/३० गते अचानक गोठमा आगोलागि भई गोठ नस्त र एउटा पाडी समेत जलेर मर्ने कगारमा पुगेको | | ३०,००० | |
| ७ | ८ | ज्ञानु माया वि.क | हावाहुरि | हावाहुरिले आरनको जस्ता उडाएको | | ७,००० | |
| ८ | ८ | गोमा परियार | आगोलागि | २०८१/११/१५ गते अचानक परालको टौवामा आगोलागि भएको | | ५,००० | |
| ९ | ८ | पुर्कोट ६ र ७ खानेपानि उपभोक्ता समिति | पहिरो | पानि तान्ने लिफ्टिड मेसिन राखेको भवन नजिक पहिरो गई भवन उच्च जोखिममा | | १०,००० | |
| १० | ९ | लक्ष्मी पन्त | हावाहुरि | हावाहुरिले घरको छानो उडाएको | | २०,००० | |
| ११ | ९ | रश्मी सुयल | आगोलागि | विधुतिय सट भई आगोलागि भई क्षेति भएको | | १५,००० | |
| १२ | १० | फुल माया तामाङ | आगोलागि | आगोलागि भई घरको अन्न वालि समेत घरको क्षेति भएको | | १०,००० | |
| १३ | १० | कालिका मन्दिर | भुकम्प तथा वर्षात | जिर्ण अवस्था भएको | | ३०,००० | |
| १४ | ११ | निर्मला थापा | आगोलागि | २०८१/१०/२९गते अचानक परालको टौवामा आगोलागि भएको | | ८,००० | |
| १५ | ११ | ज्ञान हरि पौडेल | भुकम्प | २०८१/११/१६ गतेको भुकम्पले घर चिरा परि जिर्ण भएको | | १५,००० | |
| १६ | १२ | जुठे दर्जि | वर्षा | २०८१/११/२९ गतेको अविरल वर्षाले घरमा क्षेति पुगेको | | १०,००० | |
| १७ | १२ | मैया दर्जी | वर्षा | २०८१/११/२९ गतेको अविरल वर्षाले घरमा क्षेति पुगेको | | १०,००० | |
| १८ | १२ | शान्ता कुमारी मिजार लम्साल | वर्षा | २०८१/११/२९ गतेको अविरल वर्षाले घरमा क्षेति पुगेको | | १५,००० | |
| १९ | १२ | गोदार गाउँ लिफटिङ खानेपानि | वर्षा | खाने पानिको हिल टयाङकी क्षेति | | २०,००० | |
| २० | १२ | अमला बिसौना खानेपानि | वर्षा | खाने पानिको हिल टयाङकी क्षेति | | ३०,००० | |
| २१ | १२ | कुसुण्डे खानेपानि | चटयाङ | चटयाङ परि प्यानलमा क्षेति | | २०,००० | |
| | | | | कुल | | ३,५०,०००।- | |

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

[illegible] त्रिपाठी
प्रमुख

घ) देहाय बमोजिमको योजनाहरुमा अन्य सम्पतीहरुको संचालन तथा संभार खर्च शीर्षकबाट रकम खर्च गर्ने गरी बाँडफाँड गर्ने निर्णय गरियो ।

देहायः

| सि.नं. | योजना/कार्यक्रम | वडा नं. | रकमहरु (बजेट) |
|---|---|---|---|
| १. | चाँपेखोला कल्लेरी वर्राबोटे मोटर मार्ग | ९ | १,५०,०००।- |
| २. | वि.पी. स्मृती भवन | ९ | २,००,०००।- |
| ३. | चितिखोला अग्नीरेखा निर्माण | ९ | १,५०,०००।- |
| ४. | गंगटे खोला कलभर्ट | १२ | ५,००,०००।- |

ङ) भानु नगरपालिका शिक्षा नियमावली २०७८ को नियम ३७ को उपनियम (१) बमोजिम प्रारम्भिक बाल विकास केन्द्र स्थापना र सञ्चालनका लागि सोही नियमावलीको अनुसूची ९ बमोजिमको ढाँचामा निवेदन दिई भानु नगरपालिका वडा नं १ को वडा समितिले भानु १ साजबोटेमा बालविकास केन्द्र स्थापना गर्न उपयुक्त भएको र आवश्यक न्युनतम पूर्वाधार सम्मेत भएको भनी सिफारिस गरेकोले भानु नगरपालिका शिक्षा नियमावली, २०७८ को नियम ३७ को उपनियम (२) बमोजिम भानु १ साजबोटेमा संस्कार प्रि-स्कुलको नाममा बाल विकास केन्द्र स्थापनाका लागि स्वीकृति दिने निर्णय गरियो ।

च) विगत वर्षहरु जस्तै वर्षायाममा हुन सक्ने सम्भावित प्रकृतिक प्रकोप एवं विपद् जोखिम न्यूनिकरण र विपद् व्यवस्थापन कार्यका लागि २० (१८×२४) वटा त्रिपाल र २ रोल बाक्लो कालो प्लास्टिक विपद् व्यवस्थापन शीर्षकबाट खरिद गर्ने निर्णय गरियो ।

गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

आनन्द राज त्रिपाठी
प्रमुख
२०८१।०४।०३